म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १३७ २०८२ चैत २६ गते बिहीबार 9 April 2026, Thursday - पृष्ठ ४ मूल्य रू. ५/-

**पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं ।**

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी संकलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं,
- प्लाष्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बँच्न सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### बागमती प्रदेशसभा

## ‘बालेन सरकारको रबैयाले संघीयता नै संकटमा पर्‍यो’

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशसभाका सदस्यहरु संघीय सरकारको कार्यशैली प्रति असन्तुष्ट देखिएका छन् । बागमती प्रदेशसभाको बुधबार बसेको बैठकमा बोल्दै प्रदेशसभा सदस्यहरुले प्रधानमन्त्री बालेन्द्र शाह ‘बालेन’ नेतृत्वको सरकारको कार्यशैली प्रति असन्तुष्टि व्यक्त गरेका हुन् ।

बैठकमा बोल्दै प्रदेशसभा सदस्यहरुले संघीय सरकारले प्रदेशलाई संवैधानिक अधिकार दिन कन्जुस्याइँ गरेको, प्रशासनिक रुपमा हस्तक्षेप बढाएको र जनसरोकारका मुद्दामा उदासीनता देखाएको आरोप लगाए । विशेषगरी पेट्रोलियम पदार्थको कर, प्रशासनिक कानुनको अभाव र राजनीतिक प्रतिशोधका आधारमा गरिएका धरपकडलाई लिएर प्रदेशसभा सदस्यहरुले संघीय सरकारलाई ‘संघीयता विरोधी’ भएको बताएका छन् । बैठकको विशेष समयमा बोल्दै प्रदेशसभा सदस्य रामकृष्ण चित्रकारले संघीय सरकारले अन्तर्राष्ट्रिय बजारको बहाना बनाएर नागरिकमाथि करको भार थोपरेको बताए । उनले संघीय सरकार अभिभावक नभई ‘व्यापारिक संस्था’ जस्तो बनेको आरोप लगाए । संघीय सरकारले जनताको भान्सा महँगो बनाएर सुशासनको गफ मात्र गरिरहेको उनले टिप्पणी गरे ।

‘संघीय सरकारले प्रतिलिटर पेट्रोलियम पदार्थमा विभिन्न नाममा झन्डै ६५ रुपैयाँ कर उठाउँछ । यस्तो संकटको बेला ६५ रुपैयाँ कर छुट दिएर इन्धन सस्तो बनाइदिएको भए जनताले राहत पाउने थिए । तर केन्द्र सरकार नाफा कमाउन र जनतालाई सास्ती दिन उद्दत छ ।’ उनले भने, ‘केन्द्रले उठाउने यो अचाक्ली करको औचित्य के हो ? के यो कर जनताको सेवाका लागि हो कि सत्ता टिकाउनका लागि ?’ संघीय सरकारले ‘राजनीतिक प्रतिशोध’ ढंगबाट अघि बढेको एमालेकी प्रदेशसभा सदस्य भारती कुमारी पाठकले बताइन् । पूर्वप्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकको गिरफ्तारी प्रति असन्तुष्टि राख्दै उनले संघीय सरकारले लोकतन्त्रको हुर्मत लिएको बताइन् । उनले केन्द्र सरकारले प्रहरी र प्रशासनलाई आफ्नो राजनीतिक स्वार्थ सिद्ध गर्ने हतियार बनाएको आरोप लगाइन् । प्रदेशसभा सदस्य पाठकले सामाजिक सञ्जालमा युवतीहरुको चरित्र हत्या हुँदा केन्द्रको साइबर ब्युरो मूकदर्शक बनेको भन्दै सुरक्षा व्यवस्थामा केन्द्रको असफलता रहेको बताइन् ।

‘संघीय सरकारले जुन किसिमले प्रतिशोधको राजनीति सुरु गरेको छ । यसले कानुनी शासनको उपहास गरेको छ । बिना सर्त र अविलम्ब नेताहरुको रिहाइ गरियोस् । प्रतिशोधले कसैको हित गर्दैन । यसले समाजमा द्वन्द्व मात्र निम्त्याउँछ ।’ उनले भनिन् । एमालेकै प्रदेशसभा सदस्य केशव प्रसाद पोखरेलले संघीय सरकार र पुराना राजनीतिक दलहरुलाई सच्चिन आवश्यक रहेको बताए । संघीयताको अस्तित्व संघीय सरकारको मुट्ठिमा सीमित रहेको बताए ।

‘संघीय सरकारले प्रदेशको हातगोडा बाँधिदिएको छ । प्रहरी प्रशासन र कर्मचारी संयन्त्र केन्द्रको मुट्ठीमा छ । यस्तो अवस्थामा प्रदेशले कसरी काम गर्ने ? यदि केन्द्रको यो हस्तक्षेपकारी सोच र पुराना दलहरुको कार्यशैली सुध्रिएन भने जनताले एउटा ठूलो आँधीबेहरी ल्याउनेछन् । जसले सबैलाई बढार्नेछ । केन्द्रले अधिकार नदिने र हामीले डेलिभरी दिन नसक्दा व्यवस्थामाथि नै प्रश्न उठ्नेछ ।’ उनले भने ।

कांग्रेसका प्रदेशसभा सदस्य मधु कुमार श्रेष्ठले संघीय सरकारले प्रदेशलाई स्वायत्त संस्थाका रुपमा स्वीकार गर्नै नसकेको बताए । प्रशासनिक संघीयता कार्यान्वयनमा केन्द्र सरकार बाधक बनेको उनको आरोप छ । उनले केन्द्रले प्रदेशलाई आफ्नो एउटा ‘इकाई’ को रुपमा मात्र हेरिरहेको र अधिकार दिन नचाहेको भन्दै यस्तो सोचले संघीयता सफल नहुने बताए । ‘प्रदेशका सचिवहरु र स्थानीय तहका कार्यकारी अधिकृतहरु केन्द्रबाट खटाउने प्रथाले संघीयताको मर्म मरेको छ । संघीय निजामती ऐनलाई केन्द्रले वर्षौंदेखि अल्झाएर राखेको छ । जसका कारण प्रदेश सरकारले आफ्नो कर्मचारी प्रशासन चलाउन सकिरहेको छैन ।’ उनले भने ।

नेकपाका प्रदेश सभा सदस्य सरल सहयात्री पौडेलले संघीय सरकारको शिक्षा नीतिको आलोचना गर्दै संघीय सरकारले बेरोजगार उत्पादन गर्ने कारखाना मात्र चलाइरहेको आरोप लगाए । उनले संघीय सरकारले सञ्चालन गरेको स्वास्थ्य बीमा कार्यक्रम पनि निकम्मा भएको बताए । बीमा गरेका नागरिकले अस्पतालमा सिटामोल पनि नपाउने अवस्था बनेको उनले बताए । राज्यले जनतामाथि ठगी गरिरहेको उनको भनाइ थियो । ‘देशभरका १३ लाख विद्यार्थी ईसीडीमा भर्ना हुन्छन् । तर माध्यमिक तहसम्म आइपुग्दा ५ लाख मात्र बाँकी रहन्छन् । बाँकी ८ लाख विद्यार्थी कता हराए ?’ उनले भने, ‘संघीय सरकारको शिक्षा मन्त्रालयसँग यसको कुनै जवाफ छ ? पश्चिमा संस्कृति र डोनरको भरमा बनाइने शिक्षा नीतिले नेपाली माटो सुहाउँदो जनशक्ति उत्पादन गर्न सक्दैन । जबसम्म केन्द्रले शिक्षालाई उत्पादन र सीपहरुसँग जोड्दैन, तबसम्म युवाहरु विदेश पलायन हुने क्रम रोकिँदैन ।’ उनले भने ।

नेकपाका प्रदेशसभा सदस्य देवेन्द्र श्रेष्ठले संघीय सरकारले छिमेकी राष्ट्रहरुसँगको सन्तुलन मिलाउन नसक्दा देश वैदेशिक चलखेलको अखडा बन्न लागेको बताए । उनका अनुसार नेपाल अहिले इतिहासकै अप्ठ्यारो जियोपोलिटिक्समा रहेको छ । संघीय सरकारले असंलग्न परराष्ट्र नीति भुल्दै गएको र छिमेकीसँगको सम्बन्ध र वैदेशिक सहायताका नाममा हुने हस्तक्षेप प्रति केन्द्र मौन रहेको उनले बताए ।

नेमकिपाका प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईंले संघीय सरकारले ल्याएको हप्तामा दुई दिने सार्वजनिक बिदाको निर्णय विकास विरोधी भएको बताए । उनले पश्चिमा देशको सिको गर्दा देश टाट पल्टने सक्ने बताए । ‘हामी जस्तो विकासोन्मुख देशमा हप्तामा दुई दिन बिदा दिनु भनेको राष्ट्रलाई थप गरिब बनाउनु हो । केन्द्रले पश्चिमाहरुको अन्धानुकरण गरेर यस्ता निर्णय गर्दा देशको उत्पादन र सेवा प्रवाहमा गम्भीर असर परेको छ । यो निर्णयले सुशासन होइन । अल्छीपन र बेथिति बढाएको छ ।’ उनले भने । बैठकमा एमाले प्रदेशसभा सदस्य बालकुमारी विश्वकर्माले अपांगता भएका जनप्रतिनिधि र नागरिकमाथि संघीय सरकारले विभेद गरेको बताइन् । अन्तर्राष्ट्रिय महासन्धिको कार्यान्वयनमा केन्द्र सरकार चुकेको उनको भनाई छ । संघीय सरकारले अपांगता भएका सांसदहरुको स्वकीय सचिवको सुविधा कटौती गरेर गैर नागरिकको रुपमा हेरेको बताइन् ।

एमालेका प्रदेशसभा सदस्य प्रेमभक्त महर्जनले संघीय सरकारले प्रदेशका आयोजनाहरुमा बजेट कटौती गरेर विकासमा अवरोध पुर्‍याएको बताए । उनले रातो मच्छिन्द्रनाथ जात्रा, पाटन दरबार क्षेत्र ऐतिहासिक सम्पदाको विकासमा संघीय सरकारले उपेक्षा गरेको बताए । समग्रमा, बागमती प्रदेशसभाको यस बैठकले संघीय सरकारको कार्यशैलीलाई ‘एकात्मक र हस्तक्षेपकारी’ ठहर गरेको छ । प्रदेशसभा सददस्यहरूले केन्द्रलाई स्पष्ट सन्देश दिएका छन् कि त अधिकार देउ, कि त संघीयताको मर्म अनुसार प्रदेशलाई स्वतन्त्र रूपमा काम गर्न देउ । प्रतिशोधको राजनीति र अधिकारको केन्द्रिकरणले संघीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन नसक्ने निचोड प्रदेशसभा सदस्यहरुको रहेको छ ।

## बागमती प्रदेशसभामा २ विधेयक पेश

हेटौंडा : बागमती प्रदेशसभा बैठकमा २ विधेयक पेश भएका छन् । प्रदेशसभाको बुधबार बसेको बैठकमा अर्थ तथा वित्तीय र खानेपानी तथा सरसफाई सम्बन्धी विधेयक पेश भएको हो ।

बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेश गरेका हुन् भने प्रदेशका खानेपानी उर्जा तथा सिंचाई मन्त्री कृष्णकुमार तामाङले प्रदेश खानेपानी तथा सर सफाई सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पेश गरेका हुन् । संसदमा पेश भएका उक्त विधेयक प्रदेशसभाका आगामी बैठकमा छलफलमा अघि बढ्ने छ ।

मंगलबारबाट सुरु भएको प्रदेशसभाको हिउँदे अधिवेशन अन्तर्गतको बुधबार २ वटा बैठकहरु संचालन भएका थिए । उक्त बैठकहरुमा विशेष समयमा प्रदेश सभा सदस्यहरुले समयसामयिक विषयहरुमा धारणा राखेका थिए । प्रदेशसभाको अर्को बैठक बिहीबार बिहान बस्ने छ । उक्त बैठकमा विधेयक माथिको छलफल तथा केही प्रतिवेदनहरु पेश हुने कार्यसूचि रहेको छ ।

### पालिकास्तरीय परीक्षाको नतिजा सार्वजनिक

## मनहरीमा ४ विद्यालयको शतप्रतिशत नतिजा

समाज संवाददाता

हेटौंडा : मकवानपुरको मनहरी गाउँपालिकाले पालिकास्तरीय (कक्षा-८) परीक्षाको नतिजा सार्वजनिक गरेको छ । बुधबार सार्वजनिक भएको नतिजामा गाउँपालिका भित्रको १ सामुदायिक र ३ संस्थागत गरी ४ विद्यालयले शतप्रतिशत नतिजा ल्याएका छन् ।

चैत्र ८ गतेदेखि १६ गतेसम्म सञ्चालन भएको आधारभूत तहको परीक्षामा पालिकाबाट ७ सय ५५ जना विद्यार्थी सहभागी भएका थिए । परीक्षामा सहभागी भएका मध्ये ५ सय ४३ जना (७२ प्रतिशत) विद्यार्थी ग्रेडेड भएका छन् । ७२ जना विद्यार्थी नन्ग्रेडेड् भएको शिक्षा शाखा प्रमुख प्रदीप पराजुलीले जानकारी दिनुभयो । शतप्रतिशत नतिजा हासिल गर्ने विद्यालयमा सामुदायिकतर्फ प्रजा माध्यमिक विद्यालय रहेको छ भने संस्थागततर्फ युनिभर्सल लर्निङ एकेडेमी, मेरिगोल्ड बोर्डिङ स्कुल, रेड एन्जल एकेडेमी रहेका छन् । प्रजा माविबाट २६ जनाले परीक्षा दिएका थिए । यस्तै मेरीगोल्डबाट २४, युनिभर्सल लर्निङ एकेडेमीबाट २९ र रेड एन्जल एकेडेमीबाट २३ जनाले परीक्षा दिएका थिए ।

परीक्षामा जनज्योति आधारभूत विद्यालयबाट परीक्षामा १८ जना विद्यार्थी सहभागी भएका थिए भने १७ जना विद्यार्थी ग्रेडेड भएका छन् । यस्तै महेन्द्रज्योति माध्यमिक विद्यालयबाट ३३ जना सहभागी भएका थिए भने १९ जना, पशुपतिनाथ माविबाट ९७ जना सहभागी भएकोमा ४७ जना, भोजसिद्ध माविबाट ५६ जना सहभागी भएकोमा २१ जना, बालजीवन ज्योति माविबाट ३९ जना सहभागी भएकोमा २७ जना, सीता माविबाट ३७ जना सहभागी भएकोमा २९ जना, महेन्द्र किरण माविबाट ७४ जना सहभागी भएकोमा ६० जना, ब्रम्हाकाली आधारभूत विद्यालयबाट ३१ जना सहभागी भएकोमा १५ जना विद्यार्थी ग्रेडेड भएका छन् ।

यस्तै राष्ट्रिय माध्यमिक विद्यालयबाट ४८ जना सहभागी भएकोमा ३३ जना, राष्ट्रिय रोटरी माध्यमिक विद्यालयबाट ८२ जना सहभागी भएकोमा ५८ जना, युवा वर्ष गंगा आबिबाट १८ जना सहभागी भएकोमा १५ जना, सगरमाथा आबिबाट १३ जना सहभागी भएकोमा १२ जना, राष्ट्रिय माविबाट ४४ जना सहभागी भएकोमा ३२ जना ग्रेडेड भएका छन् । संस्थागततर्फ युनाइटेड इङ्लिस बोर्डिङ स्कुल बाट ६३ जना सहभागी भएकोमा ५६ जना विद्यार्थी ग्रेडेड भएका छन् । गत वर्षको तुलनामा यस वर्ष नतिजा राम्रो आएको पालिकाका शिक्षा शाखा प्रमुख पराजुलीले बताउनुभयो । गत वर्ष ६८ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए ।

### राक्सिराङका ७७ प्रतिशत विद्यार्थी उत्तीर्ण

## ३ वटा विद्यालयको नतीजा शतप्रतिशत

हेटौंडा : मकवानपुरको राक्सिराङ गाउँपालिकाले कक्षा-८ को वार्षिक परीक्षाको नतीजा सार्वजनिक गरेको छ । बुधबार बिहान पालिकाले सामाजिक सञ्जालमा नतीजा सार्वजनिक गरेको छ । चैत ८ गतेदेखि १६ गतेसम्म भएको परीक्षामा पालिकाका १५ वटा विद्यालयका ३ सय ८० जना विद्यार्थी सहभागी थिए ।

परीक्षामा सहभागी मध्ये २ सय ९३ जना (७७.११ प्रतिशत) विद्यार्थी ग्रेडेड भएका छन् । पालिकास्तरीय परीक्षामा राक्सिराङ-२, कुडुलेस्थित प्रजा प्रगति आधारभूत विद्यालय, राक्सिराङ-४, देवीटारस्थित श्री आधारभूत विद्यालय र राक्सिराङ-९ स्थित बागेश्वरी आधारभूत विद्यालयको नतीजा शतप्रतिशत आएको छ । प्रजा जागृतिबाट २१ जना, श्री आधारभूतबाट ७ जना र बागेश्वरीबाट १९ जना विद्यार्थी परीक्षामा सहभागी भएका थिए । पालिकाका १५ विद्यालय मध्ये राक्सिराङ-४ स्थित कालिका माध्यमिक विद्यालयको नतीजा सबैभन्दा कमजोर देखिएको छ । कालिका माध्यमिक विद्यालयबाट कक्षा-८ को परीक्षामा ६ जना सहभागी हुँदा २ जना मात्रै ग्रेडेड भएका छन् ।

## कक्षा-८ मा इन्द्रसरोवरका ९८ प्रतिशत विद्यार्थी ग्रेडेड

हेटौंडा : मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले कक्षा-८ को वार्षिक परीक्षाको नतीजा सार्वजनिक गरेको छ । मंगलबार पालिकाले सार्वजनिक गरेको नतिजामा यस वर्ष ९८ प्रतिशत विद्यार्थी ग्रेडेड भएको पालिकाका शिक्षा शाखा प्रमुख धर्मानन्द पन्तले जानकारी दिनुभयो । चैत ८ गतेदेखि १६ गतेसम्म भएको परीक्षामा पालिकाका ७ वटा विद्यालयका एक सय ७२ जना विद्यार्थी सहभागी थिए ।

परीक्षामा सहभागी मध्ये १६८ जना (९८ प्रतिशत) विद्यार्थी ग्रेडेड भएका छन् । पालिकास्तरीय परीक्षामा बत्सलादेवी माध्यमिक विद्यालयका ४ जना विद्यार्थी नन्ग्रेडेड भएका छ भने बाँकी ६ विद्यालयले शतप्रतिशत नतिजा हासिल गरेको उहाँले बताउनुभयो । परीक्षामा सरस्वती बालवोधिनि माध्यमिक विद्यालयबाट २४, पञ्चकन्या माध्यमिक विद्यालयबाट २० जना, भैरव आधारभूत विद्यालयबाट ४ जना, कालिका माध्यमिक विद्यालयबाट १८ जना, महाचुली माध्यमिक विद्यालयबाट २१ जना र कालिका माध्यमिक विद्यालयबाट ३३ जना सहभागी भएका थिए ।

भर्ना भएका १७४ जना विद्यार्थी मध्ये परीक्षामा १७२ जना विद्यार्थी सहभागी भएका थिए । गत वर्ष पालिकाबाट ७५.८० प्रतिशत विद्यार्थी उत्तिर्ण भएका थिए । गत वर्ष १५७ जना परीक्षामा सहभागी भएका थिए भने ११९ जना उत्तीर्ण भएका थिए । २ विद्यालयले शतप्रतिशत नतिजा हासिल गरेका थिए । राम्रो नतिजा हासिल गर्नका लागि पालिकाले अत्तिरिक्त कक्षा संचालन गरेको शिक्षा प्रमुख पन्तले जानकारी दिनुभयो । राम्रो नतिजा हाँसिल गर्ने विद्यार्थी, शिक्षक र विद्यालयलाई पालिकाले सम्मान गर्ने गरेको उहाँको भनाई छ । पालिकाले ८ कक्षाका लागि माघ महिनामा सिकाई उपलब्धि परीक्षा समेत संचालन गरेको थियो । यस कारण पनि राम्रो नतिजा आएको उहाँले बताउनुभयो ।

## कैलाश गाउँपालिकाका ५० प्रतिशत विद्यार्थी ग्रेडेड

हेटौंडा : मकवानपुरको कैलाश गाउँपालिकाले कक्षा-८ को वार्षिक परीक्षाको नतीजा सार्वजनिक गरेको छ । गत शुक्रबार प्रकाशन गरेको नतिजामा ५० प्रतिशत मात्रै विद्यार्थी ग्रेडेड भएको पालिकाका शिक्षा शाखाका समीर जोशीले जानकारी दिनुभयो । चैत ८ गतेदेखि १६ गतेसम्म भएको परीक्षामा पालिकाका १० वटा विद्यालयका ३ सय १५ जना विद्यार्थी सहभागी थिए ।

परीक्षामा सहभागी मध्ये एक सय ५९ जना (५० प्रतिशत) विद्यार्थी ग्रेडेड भएका छन् । पालिकास्तरीय परीक्षामा शक्तिशाली आधारभूत विद्यालयको नतीजा शतप्रतिशत आएको छ । परीक्षामा १४ जना सहभागी भएका थिए । पालिकाका १० विद्यालय मध्ये कालिका माध्यमिक विद्यालयको नतीजा सबैभन्दा कमजोर देखिएको छ । कालिका माध्यमिक विद्यालयबाट कक्षा-८ को परीक्षामा ७२ जना विद्यार्थी सहभागी भएकोमा १८ जना मात्रै ग्रेडेड भएका छन् ।

यस्तै श्री आधारभूत विद्यालय डाँडाखर्कबाट १६ जना सहभागी भएकोमा ११ जना, कमलादेवी आधारभूत विद्यालयबाट १८ जनामा १५ जना, भवानी माध्यामिक विद्यालयमा ५५ जनामा ४२ जना ग्रेडेड भएका छन् । यस्तै श्रीकृष्ण आधारभूत विद्यालयबाट १९ जना मध्ये १७ जना, ब्यास माध्यामिक विद्यालयमा ४१ जना मध्ये ९ जना, धुवाङ माध्यामिक विद्यालयमा १४ जना मध्ये ९ जना र रत्नज्योति माविमा ४९ जनामा १३ ग्रेडेड भएका छन् ।

## हेटौंडाका ८४ प्रतिशत विद्यार्थी ग्रेडेड

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगरपालिकाले पालिकास्तरीय (कक्षा-८) को परीक्षाफल बुधबार सार्वजनिक गरेको छ । हेटौंडा उपमहानगरपालिकाका ८४ दशमलव ३७ प्रतिशत विद्यार्थी ग्रेडेड भएको पालिकाले जनाएको छ ।

हेटौंडा उपमहानगरका ८४ वटा विद्यालयबाट ३ हजार ९ सय २० जना विद्यार्थी कक्षा-८ को वार्षिक परीक्षामा सहभागी भएका थिए । परीक्षा फारम भरेका २२ जना विद्यार्थी परीक्षामा अनुपस्थित भएका थिए । परीक्षामा सहभागी भएका मध्ये ३ हजार ३ सय २६ जना ग्रेडेड हुँदा ६ सय १६ जना विद्यार्थी ननग्रेडेड भए ।

सार्वजनिक भएको नतिजाअनुसार जीपीए ३.६ भन्दा बढी ल्याउने ५ सय २ जना, जीपीए ३.२ देखि ३.६ सम्म प्राप्त गर्ने ८ सय ८३ विद्यार्थी छन् । यस्तै १ हजार १ सय २ जना विद्यार्थीले २.८ जीपीएदेखि ३.२ जीपीए प्राप्त गरेका छन् । ७ सय ९ जना विद्यार्थीले जीपीए २.४ देखि २.८ प्राप्त गरेका छन् । यस्तै जीपीए २ देखि २.४ हासिल गर्ने १ सय २९ जना हुँदा १ जना विद्यार्थीले जीपीए १.६ देखि २ भित्र अंक प्राप्त गरेका छन् । हेटौंडा उपमहानगरले नतिजासँगै मौका परीक्षाको तालिका पनि सार्वजनिक गरेको छ । ३ वटा विषयसम्म ननग्रेडेड भएका विद्यार्थीले ग्रेडवृद्धि मौका परीक्षा दिन पाउनेछन् । ग्रेडवृद्धि मौका परीक्षा आगामी बैशाख ७ गतेबाट सुरु हुनेछ ।

## अफिमसहित लाल र खड्ग पक्राउ

समाज संवाददाता

हेटौंडा : लागूऔषध अफिमसहित बारा प्रहरीले मकवानपुरको कैलाश गाउँपालिका-२ का ५५ वर्षीय खड्ग बहादुर मोक्तान र ४९ वर्षीय लालबहादुर स्याङ्तानलाई पक्राउ गरेको छ । बुधबार दिनको ५ बजेको समयमा सिमराबाट लालबहादुरलाई ९ सय ४२ ग्राम अवैध लागूऔषध अफिमसहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । प्रहरीले आवश्यक कारवाहीका लागि उनीहरुलाई हिरासतमै राखेको छ ।



## सम्पादकीय

# शैक्षिक सत्रको निर्मम समीक्षा

विद्यालय शिक्षामा हामी यतिबेला चालु शैक्षिक सत्रको अन्तिम चरणमा छौं । शैक्षिकसत्र २०८२ को सुरुवाती चरण नै झण्डै १ महिना विद्यालयको शैक्षिक गतिविधि प्रभावित बनेको थियो । २०८१ सालको चैत तेस्रो सातादेखि शिक्षकहरुले शिक्षा ऐनको माग गर्दै आन्दोलित भएका थिए । २९ दिन काठमाडौं केन्द्रित आन्दोलन गर्दा पनि शिक्षकका माग पूरा हुन सकेन । तत्कालिन सरकारले शिक्षा ऐन जारी गरेन । सत्तारुढ दलसम्बद्ध शिक्षक संगठनहरुकै माग, आन्दोलनका बीच पनि तत्कालिन केपी ओली नेतृत्वको सरकारले शिक्षा ऐन जारी गरेन । शिक्षकहरु उपलब्धीविहिन सम्झौतापछि विद्यालय फर्किए । निराश शिक्षकले विद्यालयमा आफ्ना विद्यार्थीलाई के के सिकाए भन्ने यतिबेला मूल्यांकन गर्ने बेला भएको छ । शिक्षक आफैं अभाव, दवाव र प्रभावमा रहन बाध्य भइरहँदा विद्यार्थीले कस्तो शिक्षा पायो होला ?

भदौ २३ र २४ को जेन जी आन्दोलनबाट पनि शैक्षिक क्षेत्र प्रभावित बन्यो । जेन जी आन्दोलनमा विद्यार्थीहरु नै मारिए । शैक्षिक सत्र २०८२ दुखद् रहँदा रहँदै पनि जे भयो त्यसको निर्मम समीक्षा जरुरी छ । विद्यालय तहको शिक्षा आधारभूत शिक्षा समेत भएकोले यसमा बढी ध्यान दिनु जरुरी छ । विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा उपस्थित गराउने र गुणस्तरीय शिक्षाको सुनिश्चित गराउन राज्य गम्भीर भएर अग्रसर हुनुपर्छ । विद्यालय शिक्षाको जिम्मेवारी स्थानीय सरकारलाई छ । संविधान बमोजिम स्थानीय सरकारको जिम्मामा रहेको विद्यालय शिक्षाप्रति स्थानीय सरकार जिम्मेवार भने हुन सकेको छैन । देशका अधिकांश स्थानीय सरकारलाई शिक्षा क्षेत्रको व्यवस्थापन र विकास गर्नु भनेको ठूलो चुनौति बनेको छ ।

विद्यार्थी भर्ना अभियान, प्रभावकारी सिकाईको वातावरण, शिक्षक जनशक्तिको क्षमता विकास, संस्थागत विद्यालयको शूल्कलगायत समग्र नियमन तथा सहजीकरण, सिकाई उपलब्धीमा स्तरवृद्धि, विद्यार्थीको समग्र विकासमा गर्नुपर्ने, गर्न सकिने कामको विषयमा प्रभावकारी योजना तर्जुमा, योजनाको कार्यान्वयन र समीक्षा गरी आगामी वर्षका लागि अझ प्रभावकारी योजना बनाउनेतर्फ स्थानीय सरकारहरुको व्यवस्थापकीय क्षमता शून्यप्राय: छ । यस्तो सन्दर्भमा शैक्षिक सत्र सम्पन्न हुँदै गर्दा चालु शैक्षिक सत्रको निर्मम समीक्षा जरुरी छ । खासगरी स्थानीय सरकारले नै जिम्मेवार व्यक्तिहरुबाट जवाफदेहिताको खोजी गर्ने, विज्ञ, जानकार समूहबाट सुझाव संकलन, आगामी योजनाका लागि आवश्यक सुझाव संकलन गरी योजना तर्जुमासम्मको काम गर्नु आवश्यक छ । संघीय सरकारले यस वर्षदेखि शैक्षिक सत्र बैशाख १५ गतेबाट सुरु गर्ने निर्णय गरेको छ । यसबीचमा बैशाख १४ गतेसम्मको कार्ययोजना बने केही बनेको देखिन्न । संघीय सरकारको निर्णयलाई आधार बनाएर स्थानीय सरकारले आवश्यक योजना बनाउनेतर्फ अग्रसर हुनुपर्छ ।

विद्यालय शिक्षा अस्तव्यस्त रहेका बेला स्थानीय सरकारले ध्यान नदिने हो भने संघीय सरकारबाट प्रत्यक्ष हस्तक्षेप हुने, संघीय सरकारको निर्देशनअनुसार विद्यालय चल्नुपर्ने बाध्यता रहन्छ । यसले संघीयताको मर्म, बलियो स्थानीय तहको अवधारणा विपरित हुनेछ । विद्यालय शिक्षा जस्तो असाध्यै आधारभूत क्षेत्रमा समेत ध्यान दिन नसकेको स्थानीय सरकार आगामी दिनमा संघीय सरकारकै ओझेलमा, दबावमा रहनुपर्ने जोखिम रहन्छ । यदि संघीय सरकारले स्थानीय सरकारलाई निर्देशित गरिरहने, दबाव सिर्जना गरिरहने अवस्था रहँदा स्थानीय सरकारले हस्तक्षेप भयो भन्ने अवस्था भने रहन्न । यसर्थ अझै कुनै ढिलाई भएको छैन । निर्मम ढंगबाट चालु शैक्षिक सत्रको समीक्षा गरौं, आगामी शैक्षिक सत्रको फराकिलो योजना बनाऔं ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क: ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : अध्ययन–अध्यापनका कामहरु मध्यमकारक रहन्छन् । |
| **वृष** | : सामाजिक र परोपरकारजन्य क्रियाकलापमा सहभागी भइनेछ । |
| **मिथुन** | : नयाँ सवारी साधन प्राप्त हुने समय योग रहेको देखिन्छ । |
| **कर्कट** | : लेखाइ–पढाइका कामबाट लाभ प्राप्त हुने समय योगछ । |
| **सिंह** | : धार्मिक एवम् सामाजिक कारोबारमा मन जाने समय छ । |
| **कन्या** | : शारीरिक अस्वस्थता बढ्ने समय योग रहेको देखिन्छ । |
| **तुला** | : अध्ययन–अध्यापन मध्यमकारक रहेको देखिन्छ । |
| **वृश्चिक** | : पढाइ र परोपकारजन्य कामबाट लाभ प्राप्त हुने समय छ । |
| **धनु** | : व्यापार–व्यवसाय मध्यमकारक रहने समय योग देखिन्छ । |
| **मकर** | : शारीरिक अस्वस्थता बढ्ने समय योग रहेको देखिन्छ । |
| **कुम्भ** | : धार्मिक क्षेत्रका काममा सरिक भइने समय योग देखिन्छ । |
| **मीन** | : व्यक्तिगत कार्यक्षेत्रमा बोझ बढ्ने समय योग छ । |

# यस वर्षको एसईई र प्रवाहित सन्देशमा संक्षिप्त चर्चा



✍ रमेश प्रसाद लामिछाने

१. गरे त हुने रैछ । यसवर्षको एसईईले प्रमाणित गरेर देखाईदियो । तयारी लामो पनि होईन । चैत्र १९ गतेबाट परीक्षा सुरु हुँदै थियो । चैत्र १७ गते अर्थात परीक्षाको २ दिनअघि परीक्षा संचालन, व्यवस्थापन र उत्तरपुस्तिका परीक्षण निर्देशिका जारी गरेर पनि काम हुने रहेछ । तत्कालिन एसएलसीबाटै फलामे ढोकाको उपनाम बोकेको हालको एसईईमा यस पटक परिवर्तन आएको देखियो । जन्ती झैं लावालस्कर देखिने अनुगमनका सवालमा प्रत्येक वर्ष यो काम नगरौं भन्दा कानमा बतास लागेन । यस वर्ष भने सुनुवाई भएछ । यो एक सकारात्मक संकेत हो । जुन परीक्षा केन्द्रमा जाँच भएको छ, सोहि केन्द्रमा केन्द्राध्यक्षको जिम्मेवारीमा उत्तरपुस्तिका परीक्षण गरिएको छ । यदि उक्त स्थलमा परीक्षण सम्भव नभए शिक्षा विकास तथा समन्वय इकाइको समन्वयमा उत्तरपुस्तिका परीक्षण गर्न सकिने गरी तोकिएको छ । आवश्यकता अनुसार सहजीकरणको अभिभारा जिल्लास्थित इकाईलाई प्रदान गरिएको छ । यसरी परीक्षणलाई दुईवटा विकल्पमा व्यवस्था गरी परीक्षा सकिएको ३ दिन भित्र परीक्षा नियन्त्रण कार्यालयमा प्राप्ताङ्क पेश गरिसक्न पनि भनिएको छ । यो परीक्षाको नतिजा एक महिना भित्र प्रकाशन गर्ने भनिएको छ । यसो गर्दा कक्षा १२ सम्मकै शैक्षिक सत्रलाई एकैसाथ वैशाखबाटै सुरु गर्न खोजिएको देखिन्छ । कक्षा १२ सम्मलाई विद्यालय शिक्षा भनेपछि शैक्षिक वर्ष पनि मिलाउने अभ्यास हुन सक्छ ।

२. परीक्षा केन्द्रबाट उत्तरपुस्तिका प्रहरी कार्यालयमा लैजाने काम भएन । प्रहरीकोमा जम्मा भएको उत्तरपुस्तिका गोप्य रुपमा तोकिएको जिल्ला र परीक्षण केन्द्रमा पनि लगिएन । कोडिङ र डिकोडिङ पनि अनिवार्य गरिएन । परीक्षण केन्द्रमा महिना दिनसम्म उत्तरपुस्तिका जाँच्ने मेला पनि भएन । नतिजाका लागि ३ महिना कुर्नु नपर्ने भनिएको छ । हत्तपत्तको काम लत्तपत्त भने झैं सुधार गर्नुपर्ने कुराहरु पनि पर्याप्त सतहमा आएका छन् । हरेक सिक्काका दुईपाटा भने जस्तै यो शैलीका पनि नकारात्मक पक्षहरु स्पष्टै देखिए । परीक्षा केन्द्र रहेको विद्यालयमा नै परीक्षण हुँदा अमूक विद्यालयको अमूक विषयको कपि यो शिक्षकले परीक्षण गरिरहेको भन्ने गोप्यता छैन । यो केन्द्रमा यो विषय शिक्षक फलानो हो र यत्ति जना छन् भन्ने छर्लङ्गै छ । अनि परीक्षक चिन्न कुनै कठिन छैन ।

सम्बन्धित परीक्षकलाई प्रभावित पार्ने काम पनि नभएका होईनन् । यो अर्को विश्लेषणको मसिनो तर महत्वपूर्ण विषय हो । पहिले त पढाउने शिक्षकलाई जानकारी हुन्छ अनि परीक्षक सम्परीक्षकलाई प्रभावित पार्न कठिन छैन । आफ्नो विषयमा बढी विद्यार्थी उत्तीर्ण गराउने ईच्छा सबै शिक्षकमा हुन्छ नै । नतिजा उच्च बनाएर खुशियाली मनाउने कार्यक्रम यो वर्ष अलि धेरै देख्न सकिने अवस्था टड्कारो बनेको छ । विगतमा कोरोनाका कारणले विद्यालयकै तजबिजमा भएको एसईई नतिजा स्मरण योग्य बनेकै हो । यस पटक सो प्रवृत्ति नदोहोरिए हुन्थ्यो । विद्यार्थीको वास्तविक अवस्था बाहिर आउनु पर्छ भन्नेमा कसैको बिमति रहँदैन ।

३. यो एसईईले गरौं भने सकिन्छ भन्ने सन्देश दिएको छ । गर्ने शिक्षकले नै हो भन्ने पनि प्रमाणित भएको छ । अब ईमान्दारिता र पेशागत मर्यादाका सवालहरु सतहमा आउन सक्छन् । कामै नगरी कमजोरीका छिद्रहरु देखिँदैनन् । प्रत्येक कमजोरीबाट शिक्षा लिँदै सो सच्याउने र प्रभावकारी बनाउने गरिएमा अपेक्षित गन्तव्य टाढा नहुन सक्छ । एसईईलाई प्रदेशस्तरबाट संचालन व्यवस्थापन गर्ने भनिए पनि व्यवहारमा देखिएन । यो वर्षको शैली देख्दा आगामी दिनमा एसईई विद्यालयमै सीमित रहने संकेत गरेको छ । अझै राष्ट्रिय परीक्षा बोर्ड कक्षा १० र कक्षा १२ का दुई संरचना मर्ज हुन नसक्नु अर्को दुर्भाग्य भन्नै पर्दछ । विद्यार्थीको सही मूल्याङ्कनमा कहिँ कतै हेल्चेक्रयाइँ हुनै हुँदैन ।

शिक्षक मात्र नभई शिक्षा प्रशासन र सरोकारवाला वर्ग सजग र चनाखो बन्नैपर्छ । धेरै विद्यार्थी पास हुनुमात्र शिक्षाको उद्देश्य होईन । तोकिएको शैक्षिक उपलब्धि हासिल भएमात्र स्तरीय शिक्षा भनिन्छ र स्तरीय शिक्षाबाटै दक्ष जनशक्ति उत्पादन हुने तथ्यमा दुईमत नहोला । हातमा बोकेको शिक्षाको सर्टिफिकेटले सम्बन्धित विद्यार्थीलाई गिज्याउने दिन नआओस् भन्नेमा सतर्क हुनुपर्ला नि । हाल कक्षा १२ सकेर बैदेशिक रोजगारीका लागि बाहिर जाने विद्यार्थीलाई स्वदेशमा नै रोकेर उनीहरुको सीपलाई उत्पादनमा जोड्नेतर्फ कुरा मात्र होइन, व्यवहारमा गरेर देखाउन बिलम्ब भइसकेको छ । परीक्षा नतिजासँग जोडिन्छ भने नतिजाको स्तरले विद्यार्थीको शैक्षिक उपलब्धि देखाउँछ ।

४. विद्यार्थीको मूल्याङ्कनलाई शिक्षाको महत्वपूर्ण अंग मानिएको छ । परीक्षा मूल्याङ्कनको एक औजार हो । विद्यालय तहमा फिनल्याण्ड लगायत कतिपय मुलुकमा परीक्षा लिइँदैन । हाम्रो मुलुकमा पनि कक्षा ३ सम्म लिखित परीक्षा नलिने भनिएको थियो । हालै कक्षा ५ सम्म लिखित परीक्षा नहुने भनिएको छ । कक्षा ७ सम्म उदार कक्षोन्नतिका अवधारणा पनि आएकै हो । यी सैद्धान्तिक कुराहरुसँग विद्यार्थीको निरन्तर मूल्याङ्कन जोडिएको छ । यो व्यवहारमा सहजै देखिने परिवर्तनका अतिरिक्त शिक्षण सिकाईका सुनाई, बोलाई, पढाई र लेखाई यी चारै सीपहरुको दैनिक मूल्याङ्कनको अभिलेखीकरणबाट समग्र नतिजा प्रदान गर्ने नै यसको अन्तर्य हुनुपर्छ ।

परीक्षालाई भय र हाउगुजीबाट मुक्त गरिनै पर्थ्यो । यो अभियानमा यस पटकको एसईई एक पाईला अगाडि बढेको स्विकार्नै पर्दछ । शासकहरु फेरिने र व्यवस्था बदलिने तर व्यवहारमा भने उहि बिरालो बाँध्ने संस्कारमा पहिरो जानै जरुरी छ । अन्यथा परिवर्तनको आभास कहिले पाउने हो भन्ने सवाल उठ्छ नै । सँगै, परिवर्तन भनेको अग्रगामी र प्रगतिशील हुनैपर्छ भन्नेमा शंका छैन । छिटो, छरितो, चुस्त, दुरुस्तका नाममा नयाँपन प्रदान गर्दा रिक्सा बिगारेर ठेला बनाउने होइन, अटो-रिक्सा बनाउनु पर्छ । शारीरिक बलले होइन, अब ईन्जिनले चल्नुपर्छ । यसको अर्थ प्रविधिको अधिकतम उपयोगमा प्रवेश गर्नैपर्छ । प्रत्येक विद्यार्थीको शैक्षिक उपलब्धिको दैनिक विवरण गुगलमा भेटिनु पर्छ ।

५. परीक्षा नै नलिने होइन । परीक्षालाई निरन्तर मूल्याङ्कन पद्दतिसँग जोडेर जान सकिन्छ । परीक्षालाई समयानुकूल र सान्दर्भिक बनाउनै पर्छ । यो युगको माग हो । विद्यार्थी मूल्याङ्कनमा शिक्षक र शिक्षा प्रशासनका कर्मचारी नै प्रत्यक्ष जोडिने हुन् । शिक्षाका पूर्वप्रशासकहरुको अनुभवलाई अधिक उपयोग गर्ने स्थान पनि यहि हो । त्यस्तै पूर्व शिक्षकहरुलाई पनि परीक्षामा जोड्न सकिन्छ । यसो गर्दा जनशक्तिको अभाव भन्ने रहँदैन । योग्य, दक्ष र सक्षम जनशक्तिका लागि हिजो राज्यले लगानी गरेका र आज सुबिधा उपलब्ध गराइएका वयक्तिहरु उपयोगमा ल्याउने नीति नै बन्नुपर्छ । हाम्रो शिक्षा व्यवस्था जिर्ण र परम्परागत उल्झनमा फसेकै हो । सँगै परीक्षाका शैली र नतिजाका लागि महिनौं छटपटिनुपर्ने परम्परा तोडिनुलाई सकारात्मक भन्नैपर्छ ।

उक्त दलदलबाट बाहिर निकालेर स्वच्छ प्रणालीमा रुपान्तरण गराउने अभिभारा आजका स्थानीय, प्रदेश र संघीय तहका जिम्मेवार शासक वर्गकै हो भन्दा अत्युक्ति नहोला । जहाँ र जहिले भएपनि कपि जाँच्ने शिक्षकले नै हो । कमि कमजोरी भएमा सुधार्ने र दण्डित गर्ने नीति कार्यान्वयनमा ल्याउनै पर्छ । परीक्षार्थीले परीक्षामा गरेको मिहिनेत बमोजिम पाउनु पर्ने अंकमा रत्ति पनि कमजोरी नहोस् र नपाउनु पर्ने अंक दिएर भोलि उक्त सर्टिफिकेटले सम्बन्धित विद्यार्थीलाई नै नगिज्याओस् भन्ने अपेक्षा गरिएको छ ।

# शैक्षिक सत्रको प्रारम्भसँगै नयाँ शैक्षिक योजनाको निर्माण



✍केपी शर्मा

देशभरका सामुदायिक र निजी (संस्थागत) विद्यालयहरुमा विभिन्न तहका अन्तिम परीक्षा समाप्त भएको छ भने २०८२ को एसईई चैत्र १९ गतेदेखि संचालनमा रहेको छ । यसको अर्थ शैक्षिक सत्र २०८२ को समाप्तिसँगै नयाँ शैक्षिक सत्र २०८३ नजिकिँदै छ । कक्षा नर्सरीदेखि ९ कक्षासम्मको वार्षिक परीक्षाको नतिजा अभिभावक र विद्यार्थीको हात–हातमा पुर्‍याउने चटारोमा शिक्षकहरु लागिरहनु भएको छ । कतिपय विद्यालयले २४ गतेदेखि नतिजा प्रकाशन गर्ने सूचना सामाजिक सञ्जालमा राखिसकेका छन् भने अन्य सबै विद्यालयहरुले पनि नतिजाको अन्तिम तयारी गरिरहेका छन् ।

एसईई चैत्र २९ गतेसम्म संचालन हुनेछ । कक्षा १० को एसईई परीक्षा नियन्त्रण कार्यालयले संचालन गर्छ र त्यसको नतिजा पनि एकैपटक परीक्षा नियन्त्रण कार्यालयले नै गर्ने प्रचलन रहेको छ । गत वर्षहरुमा एसईई सकिएपछि उक्त उत्तरपुस्तिकाहरु हरेक दिन जिल्ला प्रहरी कार्यालयमा सुरक्षितसाथ राख्ने र सबै परीक्षाहरु सकिएपछि उक्त संकलित उत्तरपुस्तिकाहरु फरक-फरक जिल्लाका उत्तरपुस्तिकाहरु छुट्टाछुट्टै जिल्लाहरुमा लगेर विषय विज्ञहरु (शिक्षकहरु) बाट परीक्षण गरिन्थ्यो । सबै विषयका उत्तरपुस्तिका परीक्षण गर्न झण्डै एक महिना लाग्थ्यो भने नतिजा आउन तीन महिना भन्दा बढी समय प्रतिक्षा गर्नुपर्थ्यो । परीक्षा सकिएको दिनबाट असार दोस्रो सातामा मात्र नतिजा प्रकाशित हुने गर्थ्यो ।

तर यस वर्ष नयाँ सरकारको गठनसँगै नवनियुक्त शिक्षा तथा विज्ञान प्रविधिमन्त्री सस्मित पोखरेलले एसईई संचालन भएको केन्द्रमै सोही दिनको विषयको उत्तरपुस्तिका सोही दिनमा नै परीक्षण गर्ने गरी व्यवस्था मिलाउन निर्देशन दिए अनुरुप अहिले देशभरका केन्द्र रहेका विद्यालयहरुमा हरेक दिन परीक्षा भएका विषयको उत्तरपुस्तिकाहरु विशेष सुरक्षा व्यवस्थाका साथ परीक्षण भइरहेको छ । यही चैत्र मसान्तसम्म उत्तरपुस्तिका परीक्षणको काम सक्ने र एक महिनाभित्र एसईईको नतिजा पनि प्रकाशन गर्ने सरकारको योजना रहेको छ । सरकारको यस कार्यप्रति सम्पूर्ण विद्यार्थी र अभिभावक तथा शिक्षकहरुमा समेत खुशी र उत्साह छाएको छ । मानिसले चाहयो भने गर्न सकिन्छ भन्ने ज्वलन्त उदाहरण एसईईको सञ्चालन तथा व्यवस्थापनले देखाएको छ ।

अब यसैगरी कक्षा १२ को राष्ट्रिय बोर्डले लिने अन्तिम परीक्षा र स्नातक तह तथा स्नातकोत्तर तहका सबै परीक्षाहरु समयमै लिने र छोटो समयमै नतिजा पनि प्रकाशित गर्ने तयारीमा शिक्षा मन्त्रालय जुटेको छ । सरकारले आफ्नो सपथ लिएर सरकार गठन गरेको दिनबाट नै सय दिनमा सय काम गर्ने अठोट सहित सार्वजनिक गरेको छ । यसरी नयाँ सांसद, नयाँ एकल बहुमतको सरकार, नयाँ कामको थालनीसँगै जनताले नयाँ अनुभव गर्न थालेका छन् । इन्धनको मूल्य उच्च भएसँगै सरकारले इन्धन खपतका लागि भन्दै चैत्र २३ गतेबाट लागु हुने गरी सरकारी कार्यालयहरुको समय बिहान ९:०० बजेदेखि बेलुका ५:०० बजेसम्म कार्य गर्न सुरु भइसकेको छ । गत माघदेखि पश्चिम एशियामा देखिएको अमेरिकी आक्रमण र इरान अमेरिका युद्धका कारण पेट्रोलियम पदार्थको मूल्यमा भारी वृद्धि भएको छ । जसको प्रत्यक्ष असर नेपालजस्तो मुलुकमा पर्न गएको छ ।

सरकारले यस वर्षको शैक्षिक सत्रको सुरुवात २०८३ बैशाख १५ गतेदेखि गर्ने सूचना सबै विद्यालयहरु र मातहतका कार्यालयहरुमा गरिसकेको छ । अब सरकारको निर्देशनसँगै विद्यालय प्रशासनले पनि वार्षिक परीक्षाको नतिजा प्रकाशन गरेर नयाँ शैक्षिक योजनाका साथ विद्यालय संचालन गर्ने तयारी पनि गर्दैछ । यसका लागि आवश्यक पूर्वतयारी गर्न शिक्षक कर्मचारीको बैठक बसेर विभिन्न विषयगत निर्णयहरु गर्नुपर्ने हुन्छ । त्यसका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ, प्रधानाध्यापक तथा शिक्षक कर्मचारीहरुले आ-आफ्नो जिम्माको काम सम्पन्न गर्न उपयुक्त वातावरण बनाउनु पर्दछ ।

### १. विद्यालय व्यवस्थापन समिति :

हरेक विद्यालयमा शिक्षा नियमावलीको परिधिमा रहेर गठन भएको एक विद्यालय व्यवस्थापन समिति हुन्छ । विद्यालय व्यवस्थापन समितिको पदावधि समाप्त भएको छ भने तत्काल अभिभावक भेला डाकेर प्रधानाध्यापकले नयाँ विद्यालय व्यवस्थापन समिति गठनका लागि पहल गर्नुपर्छ । विद्यालयको भौतिक निर्माण, आर्थिक विकास र राम्रोसँग संचालन गर्नका लागि सम्पूर्ण शिक्षकहरुसँग अन्तरक्रिया गरी शिक्षकहरुबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने तथा शिक्षकहरुका अध्यापनका क्रममा परेका समस्याहरु छन् भने त्यसको समाधानका लागि विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल गरी निर्णय लिने काम गर्न सक्छ । विद्यालयका आन्तरिक नीति, नियम बनाउने र सोही अनुसार विद्यालय संचालन गर्न निर्देशनसहित सुझाव दिन सक्छ ।

### २. शिक्षक अभिभावक संघ :

विद्यालयको सिकाई उपलब्धि बढाउन र शिक्षकहरुको नवप्रर्वतनलाई प्रोत्साहन गर्ने शिक्षक अभिभावक संघको महत्वपूर्ण भूमिका रहन्छ । शिक्षक र अभिभावक बीचको पुलको काम पनि यस संघले गर्नुपर्ने हुन्छ । शिक्षक र अभिभावकको भेटघाटको वातावरण मिलाउने र विद्यार्थीको सकारात्मक र नकारात्मक विषयको बारेमा अभिभावकसँग बसेर समन्वय र परामर्श गर्न सक्नुपर्दछ । यस कार्यका लागि शिक्षक अभिभावक संघले एउटा वार्षिक कार्ययोजना बनाई बैठकबाट पारित गरी लागु गर्न आवश्यक छ । यसो गर्न सकेमा सिकाइ उपलब्धिको सूचक बढ्न सक्छ ।

### ३. प्रधानाध्यापक :

विद्यालयको मुख्य प्रशासनिक र दैनिक कार्य संचालन गर्ने जिम्मा प्रधानाध्यापकको रहन्छ । प्रधानाध्यापक मातहत शिक्षकहरु, लेखा हेर्ने कर्मचारी (लेखापाल) र अन्य सहायक कर्मचारीहरु रहन्छन् । ती सबैलाई समन्वय गरेर कार्य संचालन गर्न प्रधानाध्यापकको भूमिका हुन्छ । प्रधानाध्यापकले शैक्षिक सत्र सुरु हुनु भन्दा अगाडि वार्षिक कार्यतालिका, दैनिक कार्यतालिका बनाई आफ्नो वार्षिक कार्ययोजनामा समावेश गर्नुपर्दछ । विद्यालयमा गर्ने वर्षभरीको कामलाई सहज बनाउन विभिन्न विभाग र समिति निर्माण गरी लागु गर्न प्रधानाध्यापकले शिक्षक कर्मचारी बैठक बसेर निर्णय गर्नुपर्दछ । शिक्षकहरुलाई पुनर्ताजगी तालिमको व्यवस्था गर्ने । शिक्षकले अध्यापन गरेको विषय अवलोकन गरी पृष्ठपोषण प्रदान गर्ने तथा आवश्यक सुझावहरु दिने कार्य पनि प्रधानाध्यापकले गर्नुपर्ने हुन्छ । शिक्षकहरुप्रति समान व्यवहार गर्ने, मासिक बैठक बसी शिक्षकहरुबाट आएका राम्रा सुझावहरु कार्यान्वयन गर्ने काम पनि पर्दछ । आफ्नो विषयमा उत्कृष्ट नतिजा ल्याउने शिक्षक र विद्यार्थीलाई समेत वार्षिक भेलामा पुरस्कृत गर्ने र कम उत्तीर्ण प्रतिशत ल्याउने शिक्षकलाई प्रोत्साहन पुग्ने खालका कार्यक्रम पनि ल्याउनु पर्दछ । शिक्षकको रुची, कार्यक्षमता र दक्षताको आधारमा अध्यापन गर्ने विषयको जिम्मेवारी तोकी लागु गर्नु उपयुक्त हुन्छ । यसरी मिलेर सामूहिक भावनामा काम गरेमा विद्यालयको समग्र पक्षमा सुधार हुन्छ ।

### ४. शिक्षकको जिम्मेवारी :

शिक्षक वर्गको प्रत्यक्ष सम्पर्क आफूले अध्यापन गर्ने विद्यालर्थीहरुसँग रहन्छ । सर्वप्रथम आफूले पढाउने विषयको दैनिक पाठ योजना संक्षेपमा बनाउँदा ज्यादै राम्रो हुन्छ । पाठयोजना अनुसार सिकाई गर्दा शिक्षण गर्न सजिलो हुनुका साथै विद्यार्थीलाई सिक्न पनि सजिलो हुन्छ । कक्षामा प्रवेश गर्दा शैक्षिक सामग्री लिएर प्रवेश गर्ने, हँसिलो अनुहारका साथ प्रवेश गर्ने बानी गर्नुपर्दछ । शिक्षकले सिकाई प्रारम्भ गर्नु अघि उनीहरुको ध्यानाकर्षण गर्ने उपायहरु पनि गर्नुपर्दछ । प्रधानाध्यापकले दिनुभएको जिम्मेवारी समयमै कुशलतापूर्वक सम्पन्न गर्न दत्तचित्त भएर लाग्नु पर्दछ ।

### ५. अभिभावकको भूमिका :

आफ्ना नानीबाबुहरुलाई असल र दक्ष तथा ज्ञानी बनाउनको लागी अभिभावक पनि उत्तिकै जिम्मेवार हुनुपर्दछ । आफ्ना छोराछोरीको बारेमा समय-समयमा शिक्षकलाई प्रत्यक्ष भेटेर वा फोन सम्पर्क गरेर जानकारी लिने गर्नुपर्दछ । शिक्षकसँग सुमधुर सम्बन्ध राख्ने र राम्रो व्यवहार गर्नुपर्दछ । छोराछोरीप्रति घरमा पनि राम्रो बोली वचन गर्ने र शिक्षकको बारेमा आफ्नो छोराछोरीलाई अभद्र व्यवहार गर्नुहुँदैन । शिक्षक भनेका गुरु हुन् । उहाँप्रति सधैं नम्र र असल व्यवहार गर्नुपर्छ भनेर अभिभावकले आफ्नो छोराछोरीलाई सम्झाउनु पर्छ । यसरी घरमा आमाबाबुले असल बानी सिकाउने, विद्यालयमा शिक्षकले ज्ञानका कुरा सिकाउँदा सबै छोराछोरी असल र ज्ञानी हुन्छन् र सफल पनि हुन्छन् ।

### ६. विद्यार्थीको कर्तव्य :

यसरी एउटा विद्यालय सुधार हुन त्यहाँका अध्ययनरत विद्यार्थी पनि अनुशासित हुनु नितान्त आवश्यक छ । अनुशासन नै विद्यार्थीको गहना हो । गुरुप्रति आदर गर्ने, गुरुले भनेको आज्ञा पालन गर्ने र गुरुले सिकाएको सिक्ने र ज्ञान हासिल गर्‍यो भने त्यस्तो विद्यार्थी सधैं जीवनमा सफल हुन्छ । घरमा पनि बाआमाप्रति सधैं आज्ञापालक बन्नुपर्छ । आफ्नो कर्तव्य पथमा सधैं अघि बढ्नुपर्छ । यसरी नयाँ शैक्षिक सत्रको प्रारम्भसँगै विद्यालयका सबै पक्षबाट आ-आफ्नो योजनासहित कर्तव्यपथमा लागेमा विद्यालयको सर्वोपरी विकास सम्भव छ भन्न सकिन्छ ।

*(लेखक शर्मा हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माविका शिक्षक हुनुहुन्छ ।)*

# बागमती प्रदेश उद्योग परिसंघको अध्यक्षमा कँडेल



नवनिर्वाचित पदाधिकारीहरु सपथ ग्रहण गर्दै ।

**समाज संवाददाता**

हेटौंडा : बागमती प्रदेश उद्योग परिसंघको पाँचौं साधारणसभा तथा तेस्रो अधिवेशनले त्रिलोचन कँडेललाई अध्यक्ष चयन गरेको छ । बुधबार हेटौंडामा सम्पन्न साधारण सभा तथा अधिवेशनले कँडेलको अध्यक्षतामा २१ सदस्यीय परिषद् सर्वसम्मत चयन गरेको हो ।

परिसंघको वरिष्ठ उपाध्यक्षमा दिवस न्यौपाने चयन हुनुभएको छ। उपाध्यक्षमा स्वागतराज प्याकुरेल, बद्रीनाथ शर्मा र दिनुप कुमार बराल रहनुभएको छ। प्रदेश परिषद् सदस्यहरुमा श्रीहरी मास्के, मदन घिमिरे, गनेन्द्र अधिकारी, बलराम अधिकारी, राजाराम अधिकारी, ताराबहादुर कार्की, शिरोमणि प्याकुरेल, सुयशराज पराजुली, दिवस चौलागाई, शरदचन्द्र भट्टराई, बसन्त पौडेल, गोविन्द खनाल, बजरंग सिंह तनवर, सविना सडौला र अमर घिमिरे चयन हुनुभएको छ । समितिकी सदस्य सविना सडौलाको संयोजकत्वमा ५ सदस्यीय महिला उद्यमी मञ्च तथा अमर घिमिरेको संयोजकत्वमा ५ सदस्यीय युवा उद्यमी मञ्च समेत गठन गरिएको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यमा साधारणसभा भएको हो । साधारणसभालाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री बानियाँले संविधानद्वारा प्रदत्त अधिकारमध्ये भूमि र उद्योगको अधिकार प्रदेशलाई व्यवहारिक रुपमै दिनुपर्ने बताउनुभएको छ । उहाँले संविधानले दिएको तर व्यवहारिक रुपमा संघीय नियन्त्रणबाट नै चलिरहेको र प्रदेशलाई पर्याप्त अधिकार नदिएको भन्दै उहाँले पूर्ण अधिकार पाएको खण्डमा प्रदेश सरकारले उद्यमीहरु मिलेर विशेष कार्यक्रमहरु गर्न सकिने बताउनुभयो। यस्तै उद्योगको प्रगति र विकासले नेपालको बजेट जोडिएको हुनाले देशको आर्थिक विकासका लागि उद्योगधन्दाको विकास हुनैपर्ने बताउनुभयो ।

उहाँले अन्य काममा शिघ्र रुपमा विभिन्न निर्णयहरु गरेजस्तै उद्योग सम्बन्धी नीतिमा सुधार गर्न संघीय सरकारसँग आग्रह समेत गर्नुभयो। अघिल्ला नेतृत्वहरुले बोल्ने एउटा, काम गर्ने अर्को गरेका भएपनि प्रधानमन्त्री बालेन्द्र शाहसहित अहिलेका नेतृत्वहरुले भने काम र बोली एउटै गर्नेमा अपेक्षा समेत व्यक्त गर्नुभयो । परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेको विशेष आतिथ्यमा भएको कार्यक्रममा बागमती प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङ, सामाजिक विकास मन्त्री कञ्चनचन्द्र बादे, जिल्ला समन्वय समितिका प्रमुख ललित बहादुर घलान, हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मिना कुमारी लामा, बागमती प्रदेश परिसंघका संस्थापक अध्यक्ष ऋषिराम घिमिरे लगायत उद्यमीहरुको उपस्थिति रहेको थियो ।

# अवैध घरेलु मदिरा उत्पादन गर्ने तीन जना पक्राउ

**समाज संवाददाता**

हेटौंडा : मकवानपुर प्रहरीले हेटौंडा-१६ हटियामा अवैध घरेलु मदिरा उत्पादन गर्ने तीन जनालाई पक्राउ गरेको छ । सोमबार साँझ ५ बजेर ३० मिनेटको समयमा विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुर तथा इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरी टोलीले अवैध घरेलु मदिरासहित ३ जनालाई नियन्त्रणमा लिएको जनाएको छ ।

पक्राउ पर्नेमा काभ्रे जिल्लाको तेमाल गाउँपालिका-५ घर भई हाल हेटौंडा-१६ बस्दै आएका ६७ वर्षीय भिमान सिंह तामाङलाई मदिरा भट्टी सञ्चालन गरिरहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जनाएको छ । सोही भट्टीमा काम गर्ने १९ वर्षीय लिला बहादुर तामाङ र मकवानपुरको बकैया गाउँपालिका-४, हात्तिसुडेका २२ वर्षीय शिवराज ठकुरीलाई पनि प्रहरीले पक्राउ गरेको छ।

प्रहरीले ५ सय लिटर तयारी घरेलु मदिरा र २ हजार ५ सय लिटर कच्चा पदार्थ नष्ट गरेको जानकारी दिएको छ। मदिरा बनाउने मेसिन, १५ वटा प्लास्टिक ड्रम, ७ वटा ग्यास सिलिन्डर, ३ वटा फलामका स्टेन्ड, एक भट्टी चुलो, मर्चा र सोडा आधा-आधा कार्टुन तथा ४० बोरा कोदो बरामद गरेको छ । बरामद गरिएका सामग्रीसहित तीनै जनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखी कारवाही तथा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## हेटौंडामा प्रहरीको 'अपरेसन ड्रप'

# १२ वर्षीय किशोरसहित २० जना पक्राउ

**समाज संवाददाता**

हेटौंडा : जिल्ला प्रहरी कार्यालय मकवानपुरले सञ्चालन गरेको विशेष सुरक्षा अभियान 'अपरेशन ड्रप' अन्तर्गत २० जनालाई नियन्त्रणमा लिएको छ। मंगलबार प्रहरीले अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसारमा संलग्न ८ जना तथा लागूऔषध सेवन गर्ने १२ जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

नियन्त्रणमा परेकामध्ये केही व्यक्ति नदीजन्य पदार्थ उत्खनन तथा ढुवानीमा संलग्न रहेका छन् भने केही लागूऔषध सेवनकर्ता रहेको प्रहरीले जनाएको छ । साथै, मदिरा भट्टी सञ्चालन तथा त्यहाँ काम गर्ने व्यक्तिहरू र चोरी मुद्दाका एक फरार प्रतिवादी समेत पक्राउ परेको जानकारी दिइएको छ। नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसारमा संलग्न रहेको आरोपमा पर्सा जिल्लाको जिराभवानी गाउँपालिका-४ का निराजन प्रसाद दिक्षा थारु, पर्साको पटेर्वा सुगौली नगरपालिका-३ का रामधार महतो थारु, २० वर्षीय मिर्गन चौधरी, रोशन हजार दास, मकवानपुरको राक्सिराङ गाउँपालिका-३ का बिरेन चेपाङ, १९ वर्षीय आशिष प्रजा, १२ वर्षीय एक किशोर, वर्ष १९ का हेटौंडा-३, बसामाडीका सौरभ मगरलाई पक्राउ गरेको छ । यस्तै लागूऔषध सेवन गर्ने मकवानपुरगढी गाउँपालिका-५, का प्रदिप भोलन, २० वर्षीय अमृत स्याङतान, ३५ वर्षीय गणेश पण्डित, हेटौंडा-११ का सिमन भुजेल, हेटौंडा-४ का ३२ वर्षीय रोहित तामाङ, ३० वर्षीय विके तामाङ, हेटौंडा-१० का ३७ वर्षीय बिक्रम तामाङलाई पक्राउ गरेको छ ।

चोरीको मुद्दामा फरार रहेका हेटौंडा-१ का बिजय तामाङ, मदिरा भट्टी सञ्चालन गर्ने काभ्रे जिल्लाको तेमाल गाउँपालिका-५ घर भई हाल हेटौंडा-१६ बस्दै आएका ६७ वर्षीय भिमान सिंह तामाङ, सोही भट्टीमा काम गर्ने १९ वर्षीय लिला बहादुर तामाङ र मकवानपुरको बकैया गाउँपालिका-४, हात्तिसुडेका २२ वर्षीय शिवराज ठकुरीलाई पक्राउ गरेको प्रहरीले जानकारी दिएको छ। सबै जनालाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# कलमले बोलेको कथा : मेरो पत्रकारिता यात्रा



**निश्चल अधिकारी**

मकवानपुर बहुमुखि क्याम्पसमा +२ अध्ययन गरेको र स्नातक तह प्रथम वर्षमा पत्रकारिता अध्ययन गर्दैछु। यहाँको अध्ययनले मलाई केवल पाठ्यपुस्तकको ज्ञान मात्र होइन वास्तविक पत्रकारिता अनुभवको स्वाद पनि दिएको छ । कक्षामा सिद्धान्त पढ्दा सजिलो लाग्थ्यो तर फील्डमा गएर प्रत्यक्ष रिपोर्टिङ गर्दा समाचार संकलन अन्तरवार्ता र तथ्य प्रमाण जाँच्नुपर्ने चुनौतीले बुझायो - सिद्धान्त र व्यवहारबीच ठूलो अन्तर छ । यही अभ्यासले मेरो दृष्टिकोण फराकिलो र जीवन्त बनायो ।

सानै उमेरदेखि म लेख रचना गर्दै आएको छु । बाल्यकालमा घरको छतमा बसेर पहिलो कविता लेखेको अनुभव अझै ताजै छ । त्यसपछि कविता गजल र थुप्रै लेख विभिन्न प्रकाशनमा छापिएका छन् । हरेक रचनाले मेरो विचार र भावना समाजसँग बाँड्ने माध्यम बनेको छ । कहिलेकाहीँ लाग्छ - "के मेरो कलमले केवल कागजमा मात्र छापिँदैछ कि समाजमा पनि हलचल ल्याइरहेको छ ?" यस प्रश्नले मलाई अझ जिम्मेवार र संवेदनशील बनाएको छ ।

क्याम्पसमा साथीहरूसँग बहस गर्नु फील्डवर्कमा रिपोर्ट तयार पार्नु आलोचना सामना गर्नु - यी सबैले मलाई अभ्यास र अनुभवको मिश्रण सिकाएका छन् । चुनौती र असफलताका पलहरूले मात्र मेरो क्षमता बढाएका छैनन् तर मलाई अझ दृढ र आत्मविश्वासी बनाएका छन् । हरेक रिपोर्ट हरेक कविता हरेक लेखले मलाई सोच्न प्रश्न उठाउन र समाजसँग प्रत्यक्ष रूपमा जुड्न प्रेरित गरेको छ ।

मेरो लक्ष्य केवल लेखनमा सीमित छैन। पत्रकारितामा योगदान पुऱ्याउँदै भविष्यमा पत्रकारिताको प्रोफेसर बन्ने सपना राखेको छु । नयाँ पुस्तालाई निष्पक्ष जिम्मेवार र समाजसँग संवेदनशील पत्रकारिता सिकाउने मेरो आकांक्षा हो । म चाहन्छु कि मेरा विद्यार्थी केवल समाचार दिने मात्र नभई समाजमा परिवर्तन ल्याउने विचार जागरूकता फैलाउने र जिम्मेवार दृष्टिकोण विकास गर्ने व्यक्ति बनून् ।

पत्रकारिता मेरो जीवनसँग घुलमिल भएको कला हो । यसले मलाई सत्यको खोजी समाजसँग संवाद र शब्दको शक्ति प्रयोग गर्ने अवसर दिएको छ । चुनौती आलोचना र कठिनाइहरूले मलाई अझ जीवन्त संवेदनशील र सिर्जनशील बनाएका छन् । मेरो यात्रा केवल व्यक्तिगत उपलब्धि मात्र होइन । यो मेरो आवाजलाई समाजसँग जोड्ने सकारात्मक प्रभाव पार्ने र भविष्यका लागि मार्गनिर्देशन गर्ने यात्रा हो ।

साँच्चै भन्नुपर्दा पत्रकारिता मेरो केवल पेशा होइन - मेरो जीवन मेरो सपना र मेरो समाजसँगको संवाद हो । र म यस यात्रामा निरन्तर अघि बढिरहेको छु। हरेक शब्द हरेक लेख हरेक कविता मार्फत समाजसँग जोडिँदै ।

*बिए पत्रकारिता*
*मकवानपुर बहुमुखी क्याम्पस*

# आनन्द भैरव आविमा अभिभावक भेला

**समाज संवाददाता**

हेटौंडा : हेटौंडा-११ स्थित आनन्द भैरव आधारभूत विद्यालयमा अभिभावक भेला सम्पन्न भएको छ । वडाध्यक्ष जुना दाहालको उपस्थितिमा बुधबार सम्पन्न भेलाले विद्यालय व्यवस्थापन समितिका लागि चार जना अभिभावक सदस्यहरू सर्वसम्मत रूपमा चयन गरेको छ ।

चयन हुनेहरूमा रामबहादुर थोकर, कल्पना आले, सीतामाया थोकर र ईश्वर सिलवाल (नविन) रहेका छन् । गत फागुन १ गते नै निवर्तमान अध्यक्ष प्रकाश चन्द्र पाण्डे नेतृत्वको समितिको कार्यकाल पूरा भए पनि निर्वाचन आचारसंहिताका कारण अभिभावक भेला हुन नसकेको र नयाँ समिति गठन प्रक्रिया रोकिएको विद्यालयका प्रधानाध्यापक राजु घिमिरेले जानकारी दिनुभयो । प्रधानाध्यापक घिमिरेका अनुसार चार जना अभिभावकको टोलीले एक जना महिला र एक जना पुरुष गरी दुई जना समाजसेवीलाई सदस्यको रूपमा छनोट गर्नेछ । यसैगरी विद्यालयका शिक्षकहरूबाट एक जना र वडाबाट एक जना प्रतिनिधि गरी ९ सदस्यीय विद्यालय व्यवस्थापन समितिले पूर्णता पाउनेछ ।

बुधबार नै समितिलाई पूर्णता दिने लक्ष्यसहित अभिभावक भेला आह्वान गरिए पनि वर्षाका कारण बैठक प्रभावित भएकाले आगामी आइतबारसम्ममा समितिको टुङ्गो लाग्ने प्रधानाध्यापक घिमिरेले बताउनुभयो । निवर्तमान अध्यक्ष प्रकाशचन्द्र पाण्डेको सभाध्यक्षतामा भएको सो भेलामा विद्यालय प्रशासनले विद्यालयको आर्थिक प्रतिवेदन र आगामी शैक्षिक कार्यक्रमहरु प्रस्तुत गरेको थियो । भेलाले विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक तथा विद्यार्थीहरूका लागि 'अनुशासन आचारसंहिता' लागू गर्ने निर्णय समेत गरेको छ । विद्यालयको शैक्षिक, आर्थिक तथा अन्य गतिविधिहरूको अनुगमनका लागि अभिभावकहरूकै नेतृत्वमा एउटा छुट्टै अनुगमन समिति समेत बनाइने उहाँले बताउनुभयो। उक्त समितिले विद्यालयमा लागू गरिने आचारसंहिता र समग्र क्रियाकलापको नियमित निगरानी गर्नेछ ।

## एसईई-२०८२

# ऐच्छिक प्रथममा ९४ जना अनुपस्थित

**समाज संवाददाता**

हेटौंडा : माध्यमिक शिक्षा परीक्षा (एसईई)-२०८२ अन्तर्गत बुधबार भएको ऐच्छिक प्रथमपत्रको परीक्षामा मकवानपुर जिल्लामा ९४ जना परीक्षार्थी अनुपस्थित भएका छन् । परीक्षामा ५ हजार ६ सय ४७ जना परीक्षार्थी उपस्थित हुँदा ९४ जना अनुपस्थित भएको शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरले जानकारी दिएको छ ।

बुधबार ऐच्छिक प्रथमपत्रको सबै विषयको परीक्षा भएको हो । परीक्षामा नियमित परीक्षार्थीहरुमध्ये साधारणतर्फ ५ हजार १९० जना उपस्थित र ६२ जना अनुपस्थित भएका छन् भने प्राविधिक धारतर्फ १७९ जना उपस्थित हुँदा ३ जना अनुपस्थित भएका छन् । यस्तै ग्रेडवृद्धितर्फ २ सय ७८ जना उपस्थित हुँदा २९ जना अनुपस्थिगत भएका छन्। मकवानपुरमा २८ वटा परीक्षा केन्द्रमा परीक्षा सञ्चालन भइरहेको छ। परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म भइरहेको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

**वितरक चाहियो**

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौंडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क : ०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

**श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८२/१२/२४ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको**

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

निवेदक- माया देवी दुलाल समेत-४ जना (विवाहित छोरी/नाती)
जग्गावाला- सुक माया विसुंखे (आमा/हजुरआमा)

यसमा जिल्ला मकवानपुर साविक हटिया गाविस वडा नं. ६ को सुक माया विसुंखेको नाममा नाप्र.नक्सा भएको तपशिलका जग्गा बड्कुले मौजेको रैती नं. ३५ को रैती गोफ्ले विसंखे सार्कीको नाममा साविक भोग लगत कायम रही दर्ता गर्न छुट भएकोमा जग्गावाला सुकु माया विसुंखे मिति २०४६/०५/०१ मा मृत्यु भएको र निजको हकखाने नजिकको हकदार एक मात्र पति गोप्ले विसुंखेको पनि मिति २०३०/०३/१२ मा मृत्यु भएको र निजहरुबाट कुनै पनि छोराहरुको जायजन्म नभई चार छोरीहरु जेठी माया देवी दुलाल, माहिली भूमे मंग्राती, साइली हरी मिजार र कामला बैलकोटी मात्र भएकोमा निजहरु पनि विवाहदान गरी पर घर गइसकेको र माहिली छोरी भूमे मंग्रातीको पनि मिति २०४८/०२/०७ मा मृत्यु भएको र निजको पति राम बहादुर मंग्रातीको पनि मिति २०७३/०१/०५ मा मृत्यु भएकोले निजहरुको हकखाने दुई छोरीहरु विवाह गरी पर घर गएको र एक मात्र छोरा कृष्ण मंग्राती मात्र भएकोमा उल्लेखित तपशिलका जग्गा फिल्डबुकवाला सुक माया विसुंखे र निजको एक मात्र पतिको मृत्यु पूर्व निजहरुले नै र निजहरुको मृत्यु पश्चात निजहरुका नजिकका जिवित हकदार तथा निवेदक उल्लेखित विवाहित छोरीहरु माया देवी दुलाल, हरी मिजार र कमला बैलकोटी र नाती कृष्ण मंग्रातीले नै साविक देखि हाल सम्म निरन्तर जोतभोग तथा भोगचलन गरी आएको र फिल्डबुकवाला सुक माया विसुंखे र निजको पति गोप्ले विसुंखेको बाँचुनजेलको पालनपोषण, औषधी उपचार तथा स्याहार सम्भार र मृत्युपछिको सदगद तथा काजकृया समेत उल्लेखित निवेदक हकदारहरुले नै गरेकोले निवेदकहरुको नाममा संयुक्त छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि हेटौंडा उपमहानगरपालिका १८ नम्बर वडा कार्यालयको च.नं. १८२१ मिति २०८२/०९/०९ को छुट जग्गा दर्ता सम्बन्धी हकदार तथा हकभोग समेत खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, वडा सर्जमिन मुचुल्का, मृत्यु दर्ता प्रमाणपत्रहरु, च.नं. ३५३३ मिति २०८२/१२/१४ को पालनपोषण तथा काजकृया प्रमाणित सिफारिस पत्र, का. वा. पत्र, साविक भोग लगत, फिल्डबुक तथा प्लट रजिष्टर उतार तथा नक्सा समेत संलग्न राखी यस कार्यालयमा द.नं./मि.नं. २०५ मिति २०८२/०८/०८ मा माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित तपशिलका जग्गा निवेदकहरुको माग दावी बमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकहरुको माग दावी सत्य नभई झुठा भए वा निवेदकहरु बाहेक अन्य कोही हकदारहरु भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपसिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गाविस/नपा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/निवेदक | |
| १ | सुक माया विसुंखे पं. हटिया वडा नं.- ६ पति - गोफ्ले विसंखे बाजे - ... | हटिया | ६ | ३६२ | ०-८-४.५ | माया देवी दुलाल, हरी मिजार, कमला बैलकोटी र कृष्ण मंग्राती | जिल्ला मकवानपुर, बड्कुले मौजेको, रै.नं. ३ को रैती गोफ्ले विसंखेको नाममा कायम रहेको । |

**होटल स्मारकको संक्षिप्त वातावरणीय अध्ययनको सार्वजनिक सुनुवाईको सूचना**

*प्रथम पटक प्रकाशित मितिः २०८२/१२/२६*

बागमती प्रदेशको, मकवानपुर जिल्ला, हेटौंडा उप- महानगरपालिका वडा नं. ११, स्मारकरोडमा होटल स्मारक प्रा.लि. द्वारा सञ्चालनमा रहेको होटल स्मारको ३० पाहुना कोठामा ५० शय्या क्षमतामा सञ्चालनको लागि बागमती प्रदेश वातावरण संरक्षण ऐन २०७७ (संशोधन २०७९) को प्रावधान अनुसार संक्षिप्त वातावरणीय अध्ययन गर्ने क्रममा उक्त ऐन को दफा ३ को उपदफा (४) को प्रावधानमा व्यवस्था भए बमोजिम सार्वजनिक सुनुवाईको लागि यो सूचना प्रकाशित गरिएको हो। उक्त आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दै गर्दा प्रतिवेदन स्वीकृतिको क्रममा वातावरणीय सवालबारे सुझाव सङ्कलन गर्नुपर्ने भएकाले स्थानीय समुदाय तथा सरोकारवालाहरु र प्रस्तावकको प्रतिनिधि बीच सार्वजनिक सुनुवाई निम्न मिती, समय र स्थानमा हुने भएकोले सम्बन्धित सबै सरोकारवाला महानुभावहरुको सक्रिय सहभागिताको लागि अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनवाई हुने मिति, समय र स्थान**

मिति : २०८३/०१/०६ गते आईतबार, समयः ११:३० बजे
स्थान : होटल स्मारक, हेटौंडा उपमहानगरपालिका वडा नं. ११, स्मारकरोड
आयोजक : होटल स्मारक प्रा.लि.

**प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान**

हेटौंडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८२/१२/२० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

सम्पर्क : ०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

**न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना**

हेटौंडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौंडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

## प्रधानमन्त्री कप क्रिकेट

# सन्दिपको उत्कृष्ट बलिङमा बागमतीको फराकिलो जित

**उत्कृष्ट बलिङ प्रदर्शन गर्दै बागमतीका कप्तान लामिछाने प्लेयर अफ द म्याच घोषित भए । जारी प्रतियोगितामा हालसम्म ७ खेल खेलेको बागमती प्रदेशको यो तेस्रो जित हो भने समान ७ खेल खेलेका कोशी प्रदेश जितविहिन रहेको छ ।**




*प्लेयर अफ द म्याच बागमतीका सन्दिप लामिछानेलाई ट्रफी हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : पुरूष एकदिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता-२०८२ अन्तर्गत बागमती प्रदेशले फराकिलो जित हात पारेको छ । बुधबार भएको खेलमा कोशी प्रदेशलाई ७ विकेटले पराजित गर्दै बागमतीले फराकिलो जित दर्ता गरेको हो ।

जनकपुरको रामजानकी क्रिकेट मैदानमा भएको खेलमा टस हारेर व्याटिङको निम्तो पाएको कोशी प्रदेशले बागमती प्रदेशलाई १०० रनको सामान्य लक्ष्य दिएको थियो । कोशी प्रदेश २८ ओभर २ बलमा ९९ रनमा अल आउट भएको थियो । कोशीका कप्तान सुजन थपलियाले सर्वाधिक २१ रन, अंकित सुवेदीले १९ रन र रोहन साहले १८ रन बनाए । बागमतीका कप्तान लामिछानेले ५ विकेट र रिजन ढकालले २ विकेट लिए ।

जवाफी व्याटिङ गरेको बागमती प्रदेश ९ ओभरमा ३ विकेट गुमाएर लक्ष्य भेट्टायो । बागमतीका विवेक राना मगरले अविजित ६१ रन बनाए । कोशिका विपिन कुमार महतोले २ विकेट र ज्ञानेन्द्र श्रेष्ठले १ विकेट लिए । उत्कृष्ट बलिङ प्रदर्शन गर्दै बागमतीका कप्तान लामिछाने प्लेयर अफ द म्याच घोषित भए । जारी प्रतियोगितामा हालसम्म ७ खेल खेलेको बागमती प्रदेशको यो तेस्रो जित हो भने समान ७ खेल खेलेका कोशी प्रदेश जितविहिन रहेको छ ।

यस्तै, बुधबार वीरगंजस्थित नारायणी रङ्गशालामा भएको अर्को खेलमा मधेश प्रदेशले गण्डकी प्रदेशलाई १८ रनले पराजित गरेको छ । यी दुई टोलीबीचको खेल वर्षाले प्रभावित भएको थियो । वर्षाका कारण खेल ३५ ओभरमा सीमित गरिएको थियो । टस हारेर सुरुमा व्याटिङ गरेको मधेश प्रदेशले ३४ ओभर ५ बलमा १७२ रनमा अलआउट भएको थियो । मधेशका मयन यादव ४३ रन र कप्तान अनिल कुमार साह ३६ रन बनाएर आउट हुँदा विशाल सुश्लिङले अविजित ४० रन बनाए । गण्डकीका कप्तान सुवास भण्डारी र अप्रजित पौडेलले समान ३/३ विकेट लिए ।

१७३ रनको लक्ष्य पछ्याएको गण्डकी प्रदेश २२ ओभरमा ५ विकेट गुमाएर ८० बनाउँदा वर्षा कारण खेल रोकिएको थियो । वर्षा नरोकिएपछि डकवर्थ लेविस (डिएलएस) प्रणाली अनुसार मधेश प्रदेशलाई अम्पायरले १८ रनले विजयी घोषणा गऱ्यो । जवाफी व्याटिङमा गण्डकीका ओपनर व्याटर अर्जुन कुमालले अविजित ४९ रन बनाए । मधेशका विशाल पटेल, रन्जित कुमार, आशिक बैठा र आदिल आलमले समान १/१ लिए । मधेशका लागि अविजित ४० रनको पारी खेलेका सुश्लिङ प्लेयर अफ द म्याच घोषित भए ।

जारी प्रतियोगितामा ६ खेलबाट ९ अंकसहित मधेश प्रदेश अंक तालिकाको तेस्रो स्थानमा र ७ खेलबाट ६ अंकसहित बागमती प्रदेश आठौं स्थानमा रहेको छ । यस्तै ७ खेलबाट ५ गण्डकी प्रदेश पुच्छारबाट तेस्रो र ७ खेलबाट १ अंकसहित कोशी प्रदेश तालिकाको पुच्छारमा रहेको छ ।

## निजी अस्पताललाई प्रदेश सरकारको निर्देशन

# न्यूनतम पारिश्रमिक उपलब्ध गराउ

समाज संवाददाता

हेटौँडा : स्वास्थ्यकर्मीहरुलाई सरकारले तोकेको न्यूनतम पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउन बागमती प्रदेश सरकारले निर्देशन दिएको छ । प्रदेशको स्वास्थ्य मन्त्रालयले प्रदेशभित्र सञ्चालित सबै निजी तथा गैरसरकारी अस्पतालहरुलाई स्वास्थ्यकर्मीहरुको न्यूनतम पारिश्रमिक र सेवा सुविधा अनिवार्य रुपमा कार्यान्वयन गर्न निर्देशन दिएको हो ।

मन्त्रालयले बुधबार एक सूचना जारी गर्दै मन्त्रालय अन्तर्गत दर्ता तथा नवीकरण भएका विभिन्न अस्पतालहरुमा कार्यरत नर्सिङ स्टाफ र अन्य स्वास्थ्यकर्मीहरुले तोकिएको न्यूनतम पारिश्रमिक र सुविधा नपाएको प्रति ध्यानाकर्षण भएको जनाएको छ । मन्त्रालयले श्रम ऐन, २०७४ को स्मरण गराउँदै श्रमिकका रुपमा कार्यरत व्यक्तिहरुलाई रोजगार दाताले कम्तीमा न्यूनतम पारिश्रमिक, बिरामी बिदा, उपदान, सञ्चयकोष र बीमा लगायतका सामाजिक सुरक्षा सम्बन्धी सुविधाहरु उपलब्ध गराउनुपर्ने स्पष्ट पारेको छ ।

यसअघि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सरोकारवाला पक्षहरुबीच २०८२ कात्तिक १५ मा भएको सम्झौतालाई समेत पूर्णरुपमा पालना गर्न निर्देशन दिइएको हो । कुनै स्वास्थ्यकर्मीलाई न्यूनतम पारिश्रमिक र अन्य सेवा सुविधाबाट वञ्चित गरिएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने मन्त्रालयले चेतावनी समेत दिएको छ । मन्त्रालयले अस्पतालहरुको नियमित अनुगमन गर्ने र सो क्रममा तोकिएको व्यवस्था कार्यान्वयन नभएको पाइएमा आवश्यक कानुनी तथा प्रशासनिक कदम चाल्न मन्त्रालय बाध्य हुने जनाएको छ ।

# मकवानपुर क्याम्पसमा बैशाखदेखि बायोमेट्रिक हाजिरी

समाज संवाददाता

हेटौँडा : हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले आगामी बैशाख २ गतेदेखि प्राध्यापक, कर्मचारीहरूका लागि बायोमेट्रिक हाजिरी प्रणाली पूर्णरुपमा कार्यान्वयनमा ल्याउने भएको छ । क्याम्पस प्रशासनले सोमबार एक सूचना जारी गर्दै 'बायोमेट्रिक हाजिरी कार्यविधि-२०८२' अनुसार क्याम्पसमा अध्यापनरत सबै प्राध्यापक, कर्मचारीहरुले अनिवार्य रुपमा बायोमेट्रिक हाजिरी गर्नुपर्ने जनाएको हो ।

नयाँ व्यवस्था अनुसार, पूर्णकालीन दरबन्दीमा कार्यरत प्राध्यापकहरूले क्याम्पस आउँदा र जाने समयमा अनिवार्य हाजिरी गर्नुपर्नेछ । त्यसैगरी, आंशिक प्राध्यापकहरूको हकमा भने आफ्नो कक्षा सुरु हुनुअघि र कक्षा समाप्त भएर बाहिरिनुअघि बायोमेट्रिक हाजिरी गर्नुपर्ने छ । क्याम्पसमा गत साउन महिनादेखि बायोमेट्रिक हाजिरीको अभ्यास सुरु भएको क्याम्पस प्रमुख डा. यमबहादुर सिलवालले जानकारी दिनुभयो । उहाँका अनुसार यसअघि क्याम्पसमा कार्यरत कर्मचारीले मात्रै बायोमेट्रिक हाजिरी गर्ने गरेका थिए । क्याम्पसमा हाल ९० जना प्राध्यापक र ३० जना कर्मचारी कार्यरत छन् । सबै कुरालाई डिजिटलाइज गर्दै पेपरलेस प्रणाली लैजान क्याम्पस प्रयासरत रहेको सोही अनुरुप प्राध्यापक हाजिरीलाई पनि परम्परागत रजिस्टर व्यवस्थालाई विस्थापित गरी प्रविधियुक्त हाजिरीको व्यवस्था गरिएको क्याम्पस प्रमुख सिलवालको भनाइ छ ।

कक्षा ११ देखि स्नात्तकोत्तर तहसम्म पठनपाठन मकवानपुर क्याम्पसमा करिब ६ हजार विद्यार्थी अध्ययनरत छन् । क्याम्पसमा बिहान, दिउँसो र सन्ध्या गरी तीन सिफ्टमा पठनपाठन हुने गर्दछ । सबै कुरालाई डिजिटलाइज गरी पेपर लेस अवधारणाका साथै परम्परागत शिक्षा प्रणालीलाई विस्थापित गर्दै व्यवहारिक र सीपयुक्त शिक्षामा क्याम्पस प्रशासनले जोड दिइरेहेको क्याम्पस प्रमुख सिलवालले बताउनुभयो ।

# वन्यजन्तुको आक्रमणबाट २५ वटा बाख्राको मृत्यु

समाज संवाददाता

हेटौँडा : मकवानपुरको कैलाश गाउँपालिकामा एक साताको अवधिमा वन्यजन्तुको आक्रमणबाट २५ वटा बाख्राको मृत्यु भएको छ । गत हप्ता कैलाश-४, हात्तीपाइले क्षेत्रमा १३ वटा र लिक्चे क्षेत्रको जंगलमा १२ वटा बाख्रा मरेका छन् । स्थानीयले बाघले बाख्रा खाएको दावी गरेका छन् ।

डिभिजन वन कार्यालय राप्ति, मनहरीका वन अधिकृत हेमबहादुर थापाका अनुसार स्थानीय जंगलभित्र चरनका लागि छाडेका बाख्राहरुलाई वन्यजन्तुले मारेको हो । घटानस्थलमा कसैले पनि आक्रमण गर्ने वन्यजन्तु नदेखिए पनि घटना प्रकृति हेर्दा बाघले मारेको अनुमान गरिएको उहाँले बताउनुभयो । जंगल क्षेत्रमा एक्लै नजान तथा रातीको समयमा विशेष सतर्कता अपनाउन वन प्रशासनले आग्रह गरेको छ । जंगली जनावरको आक्रमणबाट जंगलबाहिर घटना भएमा 'वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०' बमोजिम पीडित पक्षलाई क्षतिपूर्ति दिने व्यवस्था भएपनि यो घटना जंगल क्षेत्रभित्र भएकाले पीडितहरुले क्षतिपूर्ति नपाउने अधिकृत थापाले बताउनुभयो ।

## वन डढेँलो नियन्त्रण सम्बन्धी सूचना

राष्ट्रिय वनमा आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गरेमा वा गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैँयासम्म जरिवाना वा दुवै सजाय हुनेछ । तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्य नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

वन तथा वातावरण मन्त्रलालय
बागमती प्रदेश, नेपाल
हेटौंडा, मकवानपुर

## हार्दिक बधाई



वेदबहादुर श्रेष्ठ
अध्यक्ष



कृष्ण कुमार गुप्ता
उपाध्यक्ष



उत्तम शर्मा ढकाल
कार्यकारिणी सदस्य



ज्योतिरत्न बज्राचार्य
कार्यकारिणी सदस्य



विष्णु खनाल
कार्यकारिणी सदस्य

नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश समितिको हेटौंडामा सम्पन्न **नवौं प्रदेश सभा तथा तेस्रो अधिवेशन**बाट निर्वाचित हुनुभएका अध्यक्ष **वेदबहादुर श्रेष्ठ**, मकवानपुरको प्रतिनिधित्व गर्दै निर्वाचित हुनुभएका जिल्ला/नगरतर्फका उपाध्यक्ष **कृष्ण कुमार गुप्ता**, कार्यकारिणी सदस्यमा एसोसिएटबाट **उत्तम शर्मा ढकाल**, वस्तुगततर्फ **ज्योतिरत्न बज्राचार्य** र जिल्ला/नगरतर्फ **विष्णु खनाल**लाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

प्रमोदसिं रानाभाट, अध्यक्ष
एवम् मकवानपुर उद्योग वाणिज्य संघ परिवार
हेटौंडा, मकवानपुर

## हार्दिक आभार



नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश समितिको **नवौं प्रदेश सभा तथा तेस्रो अधिवेशन**बाट मलाई जिल्ला/नगरतर्फ उपाध्यक्षमा विजयी गराउन मतदान गर्नुहुने व्यवसायी मित्रहरू, प्रदेश समितिका संस्थापक, निवर्तमान अध्यक्ष, मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष तथा पदाधिकारी, पत्रकार मित्रहरू, सहयोगी, शुभेच्छुक सम्पूर्णमा हार्दिक आधार व्यक्त गर्दछु ।

कृष्णकुमार गुप्ता
जिल्ला/नगर उपाध्यक्ष उपाध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ